नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

फोन नं. : ५३४७९१२
५३४३९३९

पत्र संख्याः २०८२/०८३
च.नं. :

बबरमहल
काठमाडौं, नेपाल।

## प्रेस विज्ञप्ति

नेपालीहरूको चाड तिहार/दिपावली र छठ लगायतका पर्वहरूको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछौं। चाडपर्वका अवसरमा बजारमा हुने गतिविधिहरू स्वच्छ पारदर्शी रूपले सञ्चालन होउन् भन्ने अपेक्षा गरेका छौं। बजारमा माग र आपूर्ति बिच सन्तुलन कायम गरी मूल्य स्थिरता कायम गर्न प्रयासरत रहेका छौं। त्यसका लागि व्यापारिक संघ, संगठन र व्यवसायीहरूका साथै उपभोक्तावादी संघ, संगठन र उपभोक्ताहरूको समेत उत्तिकै महत्वपूर्ण योगदान रहेको हुन्छ।

नियमित बजार अनुगमनका क्रममा विशेष गरी तिहार/दिपावलीको अवसरमा प्रयोग गरिने भाई मसला, तामा/चाँदीका भाँडा तथा झिलिमिलि उज्यालो बनाउन प्रयोग हुने विद्युतीय सामग्री लगायतका अन्य विभिन्न वस्तुमा अधिकतम खुद्रा बिक्री मूल्य (एम. आर. पि.) सहितको लेबल र मूल्य सूची राखेको पाइएको छैन।

चाडपर्वको अवसरमा विशेष प्रयोगमा आउने विभिन्न सामान लगायत दैनिक उपभोग्य सबै खाले वस्तुमा अधिकतम खुद्रा बिक्री मूल्य (एम. आर. पि.) सहितको लेबल र खुला (नापेर, जोखेर, गनेर) रूपमा बिक्री वितरण गर्ने वस्तुको मूल्य सूची राखी बिक्री वितरण गर्न गराउनुहुन सबै उत्पादक/विक्रेतालाई अनुरोध गर्दछौं। साथै आदरणीय उपभोक्ता वर्गले समेत खरिद गर्ने वस्तुमा अधिकतम खुद्रा बिक्री मूल्य (एम. आर. पि.) सहितको लेबल भएको वा मूल्य सूची राखिएको वस्तु खरिद गर्न हुन स्मरण गराउँछौं। स्वच्छ र प्रतिस्पर्धी बजार कायम गर्दै उपभोक्ताको हक संरक्षण गर्न गराउन सबैको सहयोगको अपेक्षा गर्दछौं।

उपभोक्तहरूको कुनै गुनासो भए यस विभागको टोल फ्रि नं. ११३७ मा जानकारी गराउनुहुन समेत अनुरोध गरिएको छ।

(भरत प्रसाद आचार्य)
प्रवक्ता